# रामपुर उद्योग वाणिज्य संघ पाल्पाको

## विधान २०७२

२०/२०७२।६।२४

रामपुर नगरपालीका, पाल्पा

# रामपुर उद्योग वाणिज्य संघ पाल्पाको
# विधान २०७२

## प्रस्तावना

रामपुर तथा पाल्पा जिल्लाका विभिन्न तहका व्यापारी, व्यवसायी, उद्योगी, उत्पादक एवं उपभोक्ताको हित संरक्षण गर्दै उल्लेखित क्षेत्रसंग सम्बद्ध सबै तहका व्यवसाय, फर्म, प्रतिष्ठान आदि सबै क्षेत्रलाई समेटी उत्पादन, बजारीकरण, व्यापार व्यवसायका माध्यमबाट दिगो आर्थिकविकासका कियाकलापमा टेवा पुर्‍याउन,

नेपालको प्रचलित कानुन, ऐन, नियम, नीतिको प्रतिकुल नहुनेगरी संस्थागत संरचनाको विकास गर्दै व्यापार व्यवसाय प्रवर्द्धन, बजार पहुँच, आपूर्ति व्यवस्था, आयात निर्यात सहजिकरण गर्ने एवं उत्पादन, उपभोग्य वस्तु, सेवामा गुणस्तरीयता कायम गर्दै उद्योग वाणिज्य व्यवसायका माध्यमबाट समष्टिगत आर्थिक सामाजिक विकासका कियाकलाप सञ्चालन गर्न,

यस क्षेत्रमा प्रभावकारिता ल्याउदै तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्यम तथा व्यवसाय विकासका लागि उद्यमशील सीप क्षमता अभिवृद्धि गर्दै रोजगार, स्वरोजगारका अवसर सिर्जना गर्न, उद्योग वाणिज्यको क्षेत्रबाट देशको आर्थिक विकासको लक्ष्यलाई टेवा पुर्‍याउने ध्ययले यस क्षेत्रका उद्योगी, व्यापारी, व्यवसायीको भेलाबाट **"रामपुर उद्योग वाणिज्य संघ"** गठन गरी सोको प्रभावकारी एवं वैधानिक रुपमा कार्यान्वयन गर्नका निमित्त विधान निर्माण गरी संस्था दर्ता गर्न वान्छनीय देखिएकोले संस्था दर्ता ऐन २०३४ को अधिनमा रही **"रामपुर उद्योग वाणिज्य संघ, रामपुर-पाल्पाको विधान २०७२"** तर्जुमा गरिएको छ ।

## परिच्छेद १
### प्रारम्भिकः

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो संस्थाको नाम " रामपुर उद्योग वाणिज्य संघ पाल्पा" रहने छ ।

ख) अंग्रेजीमा यो संस्थाको नाम "**Rampur Chamber Of Commerce and Industry Palpa** रहने छ ।

ग) संक्षेपमा यो संस्थाको नाम " रामपुर.उ.वा.सं." र अंग्रेजीमा "**RampurCCI palpa**" रहने छ ।

घ) यस विधानको नाम रामपुर उद्योग वाणिज्य संघको विधान २०७२ रहेको छ ।

ङ) यो विधान जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

क) " संघ " भन्नाले रामपुर उद्योग वाणिज्य संघलाई जनाउनेछ।

ख) " विधान " भन्नाले रामपुर उद्योग वाणाज्य संघको विधानलाई जनाउने छ।

ग) " सदस्य" भन्नाले यस विधान अन्तर्गत सदस्यता प्राप्त गरेका "सदस्यहरु" लाई जनाउने छ।

घ) " कार्यसमिति "भन्नाले यस विधान अन्तर्गत गठीत यस संघको कार्य समितिलाई जनाउनेछ।

ङ) " पदाधिकारी " भन्नाले यस संघको अध्यक्ष, निवर्तमान अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, वाणिज्य उपाध्यक्ष, उद्योग उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र सचिव लाई जनाउने छ।

च) " कार्यसमिति सदस्य" भन्नाले संघको अधिवेशनबाट निर्वाचित भई पदाधिकारी भएका वाहेकका सदस्यहरु तथा कार्य समितिका लागि अध्यक्षबाट मनोनित सदस्यहरु समेतलाई जनाउने छ।

छ) "तदर्थ समिति" : भन्नाले संस्थापक सदस्यलाई बुझ्नुपर्दछ।

छ) " उद्योग वाणिज्य " भन्नाले ब्यापार, उद्योग, बैकिङ्ग , विमा, पर्यटन, यातायात, निर्माण सेवा, क्लियरिङ्ग एजेन्ट तथा अन्य ब्यापार ब्यवसायलाई जनाउने छ।

ज) " साधारण सभा " भन्नाले वार्षिक साधारण सभालाई जनाउने छ।

झ) " अधिवेशन " भन्नाले नयां कार्य समितिको निर्वाचन गर्ने साधारण सभालाई जनाउने छ।

ञ) " विशेष साधारण सभा " भन्नाले वार्षिक साधारण सभा बाहेक विशेष परिस्थितिमा हुने साधारण सभालाई जनाउने छ।

ट) " उप समिति " भन्नाले कार्य समितिले गठन गरेको उप-समितिलाई जनाउनेछ।

ठ) " नियमावली " भन्नाले यस विधान अन्तर्गत बन्ने " नियमावली " लाई जनाउनेछ।

ड) " आर्थिक वर्ष " भन्नाले श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मको अवधिलाई जनाउनेछ।

ढ) " कोष " भन्नाले संघको कोषलाई जनाउने छ।

## ३. संस्थाको अस्थित्व

यो संस्था अविछिन्न उत्तराधिकारीवाला स्वशासित संगठित, गैर-नाफामूलक, गैर-राजनैतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ। यो संघले ब्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न, भाडामा लिन सक्नेछ। त्यसै गरी सस्थाले आफ्नो नामबाट नालिश उजुर गर्न र त्यसरी नै नालिश उजुर लाग्न सक्नेछ।

## ४. छाप र चिन्ह

यस संघको पुरा नाम र प्रतिक चिन्ह अंकित छुट्टै छाप हुनेछ जसको नमुना अनुसूची १ बमोजिम हुनेछ।

## ५. कार्यक्षेत्र

रामपुर उद्योग वाणिज्य संघको कार्यक्षेत्र पाल्पा जिल्लाभरी हुनेछ, आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानिय अधिकारीको स्विकृति लिई नेपाल अधिराज्य भित्र समेत कार्यक्षेत्र विस्तार गरिनेछ ।

## ६. कार्यालय

यस संघको मुख्य कार्यालय रामपुर नगरपालिका भित्र रहनेछ र आवश्यकता अनुरुप स्थानीय अधिकारीको स्वीकृति लिई पाल्पा जिल्लाको कुनै पनि ठाउंमा इकाई खोल्न सकिने छ ।

# परिच्छेद २

## ७. संस्थाको उद्देश्य

पाल्पा जिल्लाका उद्योगी, ब्यापारी, व्यवसायीकहरुको हकहितको संरक्षण र संवर्द्धनका साथ जिल्लाको दीगो सामाजिक, आर्थिक विकास गर्दै राष्ट्रको आर्थिक विकासका टेवा पुर्‍याउन देहायका उद्देश्यहरु पूर्तिका लागि नेपाल सरकारको प्रचलित ऐन कानुनको परिधि भित्र रहि यो संघ सदैव कियाशिल एवं प्रयत्नरत रहने छ ।

क) यो संस्था मूनाफा रहित जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख) आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको हकमा आघात पुर्‍याउने काम कुराहरु गरिने छैन् ।

ग) उद्योग वाणिज्य क्षेत्रको हक, हित र सुविधाहरुको संरक्षण र संवर्द्धन गर्नु ।

घ) उद्योग वाणिज्य सम्बन्धि विवाद सुल्भाउन मध्यस्थता गर्नु गराउनु ।

ङ) समान उदेश्य भएका अन्य संघ संस्थाहरुसंग सम्वन्ध विस्तार गरी आपसी विचार, सहयोग, अनुभवको आदान प्रदान गरि समुधुर सम्वन्ध कायम गर्नु ।

च) देशको आन्तरीक र अन्तराष्ट्रिय उद्योग ब्यापार प्रवर्द्धन र विकास गर्नु ।

छ) उद्योग तथा वाणिज्य सम्बन्धि सुचनाहरु संकलन गरी आफ्नो सदस्यहरुलाई वितरण गर्नु गारउनु ।

ज) स्वदेशी उत्पादन र ब्यापारलाई प्रोत्साहन गर्नु ।

झ) आफ्ना सदस्यहरु बीच परस्पर सहयोग र सद्भावनाको विकास गर्नु ।

य) यस जिल्लाको, उद्योग वाणिज्यको विकास र विस्तारका लागी नगर, जिल्ला, क्षेत्रिय, राष्ट्रिय तथा नेपाल सरकारको स्वीकृति लिई अन्तराष्ट्रिय संघ संस्थागत सम्वन्ध र

संघको साधारण सदस्य बन्न सक्नेछ ।

ग) **बस्तुगत सदस्यः- उद्योगी**,ब्यापारी एवं ब्यवसायीहरुको कुनै सेवा वा वस्तुगतसंग सम्बन्धित संघ संस्थाहरु बस्तुगत सदस्य बन्न सक्नेछन् ।

घ) **एशोसियट सदस्यः**- रु १०,००,०००।- (रु दश लाख मात्र) वा सो भन्दा बढी चुक्ता पुंजी भएको ब्यक्ति, फर्म, कम्पनी वा संस्थान वा उद्योग यस संघको एशोसियट सदस्य बन्न सक्नेछन् ।

ङ) **विशिष्ट सदस्यः**- संघको उद्देश्य प्राप्तीका लागि विशेष योगदान पुर्‍याउने ब्यक्ति वा संस्थालाई कार्य समितिले आफ्नो कार्यविधिसम्मका लागि संघको विशिष्ट सदस्यता प्रदान गर्न सक्नेछ । यस्ता सदस्यतालाई कार्य समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । तर निजले संघको बैठकमा मतदान गर्न वा कुनै निर्वाचनमा भाग लिन पाउने छैन । यस्तो सदस्यले संघलाई कुनै शुल्क बुझाउनु पर्ने छैन ।

**च) सल्लाहकार समितिः**

विशिष्ट समाजसेवी तथा लब्धप्रतिष्ठित नेपाली नागरीकहरुलाई संघको कार्यसमितिले विभिन्न सल्लाह र सुझाबको लागि मनोनयन गरेका ब्यक्तिहरु सल्लाहकार सदस्य हुनेछन । संघको साधारण सदस्यता नलिएका सल्लाहकारहरुलाई मताधिकार रहने छैन ।

## ९) सदस्यता प्राप्तीः-

क) संघको सदस्यता प्राप्त गर्न रितपूर्वक सदस्यता दरखास्त फाराम भरी तोकिएको प्रवेश शुल्क तथा वार्षिक शुल्क सहित संघको सचिवालयमा बुझाउनु पर्दछ । दरखास्त फारमका साथ आफ्नो ब्यवसाय संचालन भएको क्षेत्रसंग सम्बन्धित यस संघको कार्यरत कार्य समितिको सदस्यको सिफारिश आवश्यक हुनेछ ।

ख) सदस्यताका निमित्त प्राप्त हुन आएको दरखास्तमा सदस्यता प्रदान गर्ने वा नगर्ने अन्तिम अधिकार कार्य समितिको हुनेछ र कार्य समितिले सदस्यता प्रदान गर्न स्वीकृत दिएको मितिदेखि सदस्यता शुरु भएको मानिनेछ ।

## १०) सदस्यको पहिचान :-

क) संघको सदस्य सम्बन्धित फर्मको मालिक (प्रोपाइटर) लाई मानिनेछ तर निगम, संस्था वा साझेदारी फर्मको लागि त्यस निगम, संस्थान वा साझेदारीबाट आधिकारिक रुपमा तोकिएको ब्यक्तिलाई मानिनेछ ।

ख) वस्तुगत एसोसियट सदस्यको हकमा सम्बन्धित संघसंस्था, कम्पनीबाट आधिकारीक रुपमा तोकिएको प्रतिनिधिलाई मानिनेछ ।

संघको साधारण सदस्य बन्न सक्नेछ ।

ग) **बस्तुगत सदस्यः- उद्योगी**,ब्यापारी एवं ब्यवसायीहरुको कुनै सेवा वा वस्तुगतसंग सम्बन्धित संघ संस्थाहरु बस्तुगत सदस्य बन्न सक्नेछन् ।

घ) **एशोसियट सदस्यः**- रु १०,००,०००।- (रु दश लाख मात्र) वा सो भन्दा बढी चुक्ता पुंजी भएको ब्यक्ति, फर्म, कम्पनी वा संस्थान वा उद्योग यस संघको एशोसियट सदस्य बन्न सक्नेछन् ।

ङ) **विशिष्ट सदस्यः**- संघको उद्देश्य प्राप्तीका लागि विशेष योगदान पुर्‍याउने ब्यक्ति वा संस्थालाई कार्य समितिले आफ्नो कार्यविधिसम्मका लागि संघको विशिष्ट सदस्यता प्रदान गर्न सक्नेछ । यस्ता सदस्यतालाई कार्य समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । तर निजले संघको बैठकमा मतदान गर्न वा कुनै निर्वाचनमा भाग लिन पाउने छैन । यस्तो सदस्यले संघलाई कुनै शुल्क बुझाउनु पर्ने छैन ।

**च) सल्लाहकार समितिः**

विशिष्ट समाजसेवी तथा लब्धप्रतिष्ठित नेपाली नागरीकहरुलाई संघको कार्यसमितिले विभिन्न सल्लाह र सुझावको लागि मनोनयन गरेका व्यक्तिहरु सल्लाहकार सदस्य हुनेछन । संघको साधारण सदस्यता नलिएका सल्लाहकारहरुलाई मताधिकार रहने छैन ।

९) **सदस्यता प्राप्तीः-**

क) संघको सदस्यता प्राप्त गर्न रितपूर्वक सदस्यता दरखास्त फाराम भरी तोकिएको प्रवेश शुल्क तथा वार्षिक शुल्क सहित संघको सचिवालयमा बुझाउनु पर्दछ । दरखास्त फारमका साथ आफ्नो ब्यवसाय संचालन भएको क्षेत्रसंग सम्बन्धित यस संघको कार्यरत कार्य समितिको सदस्यको सिफारिश आवश्यक हुनेछ ।

ख) सदस्यताका निमित्त प्राप्त हुन आएको दरखास्तमा सदस्यता प्रदान गर्ने वा नगर्ने अन्तिम अधिकार कार्य समितिको हुनेछ र कार्य समितिले सदस्यता प्रदान गर्न स्वीकृत दिएको मितिदेखि सदस्यता शुरु भएको मानिनेछ ।

१०) **सदस्यको पहिचान :-**

क) संघको सदस्य सम्बन्धित फर्मको मालिक (प्रोपाइटर) लाई मानिनेछ तर निगम, संस्था वा साझेदारी फर्मको लागि त्यस निगम, संस्थान वा साझेदारीबाट आधिकारिक रुपमा तोकिएको व्यक्तिलाई मानिनेछ ।

ख) वस्तुगत एसोसियट सदस्यको हकमा सम्बन्धित संघसंस्था, कम्पनीबाट आधिकारीक रुपमा तोकिएको प्रतिनिधिलाई मानिनेछ ।

**११) सदस्यको अधिकार र कर्तव्य :-**

क) यस संघको विधान, नियम, उपनियम, निर्णय, नीति, निर्देशनहरुको पालना प्रत्येक सदस्यले गर्नु पर्नेछ, साथै संघको उद्देश्य प्राप्तीका लागि प्रयास गर्नु पर्नेछ।

ख) संघको साधारण सभा, बिशेष साधारण सभा तथा अधिवेशनमा भाग लिने तथा प्रस्तावहरु पारित गर्नेछ।

ग) निर्वाचनमा भाग लिने तथा मतदान गर्न पाउनेछ।

घ) तोकिएको समयमा आफ्नो बार्षिक सदस्यता शुल्क तिर्नु पर्नेछ।

**१२) सदस्यता प्रवेश र नविकरण शुल्क सम्बन्धि व्यवस्था :-**

क) सदस्यता प्रवेश शुल्क र नबिकरण शुल्क कार्य समितिले तोके बमोजिम हुनेछ। तर सो शुल्क साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

ख) तोकिएको सदस्यता प्रवेश शुल्क तथा बार्षिक शुल्क दरखास्त फारामसाथ बुझाउनु पर्नेछ।

ग) सदस्यता नविकरण प्रत्येक बर्षको आश्विन महिना भित्र गरि सक्नु पर्नेछ अन्यथा पौष महिना सम्ममा रु ५०, चैत्र मसान्त सम्ममा रु १०० विलम्ब शुल्क तिरी सदस्यता नविकरण गर्न सकिनेछ।

घ) चैत्र मसान्तसम्म पनि सदस्यता नबिकरण शुल्क नबुझाउने सदस्यको सदस्यता स्वतः खारेज हुनेछ।

**१३) सदस्यता खारेज हुने अवस्था :-**

क) संघको विधान, नियम, उप-नियम, विनियम, आदेश, निर्णय पालना नगरेमा।

ख) सदस्य स्वयमको मृत्यू भएमा

ग) मगज विग्रेमा

घ) फर्म सस्था विघटन भएमा।

ङ) आफु बहाल रहेको पद वाट राजिनामा गरी स्विकृत भएमा।

च) निर्धारित समयभित्र वार्षिक सदस्यता नविकरण शुल्क नबुझाएमा।

छ) फर्म व्यवसाय खारेज भएको लिखित जानकारी समबन्धित क्षेत्रीय सदस्य बाट वा सम्बन्धित निकायवाट् प्राप्त भै कार्य समितिबाट स्वीकृत भएमा।

**१४) पून सदस्यता प्राप्त गर्ने वा दिन सकिने व्यवस्था :-**

१. परिच्छेद ३ दफा ८ को (ख) वमोजिम हुनेछ।

## परिच्छेद ४

## साधारण सभा

१५. दफा ८ बमोजिमका सम्पूर्ण सदस्यहरुको साधारण सभा हुनेछ जुन यस संघको सर्वोच्च अंग हुनेछ ।

१६. साधारण सभा बर्षको एक पटक बस्नेछ ।

१७. साधारण सभाको बैठकको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ ।

१८. सामान्यतया साधारण सभाको बैठकले साधारण बहुमतबाट प्रस्ताव पारित गर्नेछ । अध्यक्षता गर्ने व्यक्तिले मत बराबर भएको अवस्थामा मात्र आफ्नो मतको प्रयोग गर्नेछ ।

१९. साधारण सभा प्रत्येक आर्थिक बर्ष समाप्त भएको बढीमा ७५ दिन भित्र अर्थात आश्विन १५ गते भित्र कार्य समितिले बार्षिक साधारण सभा बोलाई सक्नु पर्नेछ । विशेष परिस्थिति श्रृजना भएको अवस्थामा १५ दिन थप गरी अर्थात आश्विन मसान्त भित्र बार्षिक साधारण सभा बोलाई सक्नु पर्नेछ । कुनै कारणवश साधारण सभा सो अवधिमा पनि बस्न नसके सो को उचित कारण देखाई सदस्यहरुलाई सूचित गर्नु पर्नेछ । म्याद नाघेको १ महिना भित्र साधारण सभा अनिवार्य बस्नु पर्नेछ ।

२०. साधारण सभा बस्ने सूचना सभाका सदस्यहरुलाई कम्तिमा पनि १५ दिन अगावै निम्न विवरणहरु स्पष्ट खुलाई सूचना दिनु पर्नेछ ।

क) साधारण सभा हुने मिति, समय र स्थान ।

ख) साधारण सभामा छलफलका लागि प्रस्तुत हुने ऐजेण्डा ।

ग) सदस्यहरुले साधारण सभामा भाग लिनका लागि रजिष्ट्रेशन गर्ने मिति, समय र शुल्क ।

घ) साधारण सभाको विचारार्थ कुनै प्रस्ताव पेश गर्न चाहेमा त्यस्तो प्रस्ताव पेश गर्नु पर्ने मिति

२१. क) साधारण सभाका सदस्यहरुले दफा १९(घ) अनुसार विचारार्थ पेश गरेको प्रस्ताव उपर कार्य समितिले छलफल गरी थपघट गरी वा नगरी ऐजेण्डामा समावेश गर्न वा नगर्न सक्नेछ ।

ख) साधारण सभामा सहभागी हुने सदस्यहरु संग दर्ता शुल्क लिन सकिनेछ ।

२२. साधारण सभाको गणपूरक संख्याः-

क. साधारण सभाका लागि दर्ता गरीएका सदस्य संख्याको ५१ प्रतिशत गणपूरक संख्या मानिनेछ । कथम कथाचित निर्धारित समयसम्म उल्लेखित गणपुरक संख्या नपुगेमा निर्धारित समयको १ घण्टा पछि कुल सदस्य संयाको २५% सदस्य संख्यालाई गणपुरक संख्या मानिनेछ ।

ख. निर्धारित समय भित्र गणपूरक संख्या नपुगेको कारणले सभा संचालन हुन नसकेको अवस्थामा ५ दिन भित्रमा पुन साधारण सभा बोलाईनेछ र सो सभामा कुल सदस्य संख्याको १५% सदस्य संख्यालाई गणपुरक संख्या मानिनेछ । उक्त संख्या संख्या पनि नपुगेमा साधारण सभा स्थगित हुनेछ र सो साधारण सभा ७ दिन भित्र पुन बस्नेछ । उक्त साधारण सभाको

सूचनाको हकमा स्थानिय पत्र-पत्रिका वा अन्य संचारको माध्यमवाट सूचित गरिनेछ । यसरी हुने साधारण सभामा उपस्थित सदस्य संख्या जति सुकै भएता पनि गणपुरक संख्या मानि साधारण सभा संचालन गरिनेछ ।

ग. साधारण सभामा संघले जारि गरेको सदस्यता परिचय पत्र सहित सदस्य स्वयंम उपस्थित हुनुपर्नेछ ।

२३. **साधारण सभाको काम, कर्तव्य र अधिकार**

**क) साधारण सभाको काम, कर्तव्य र अधिकार निम्न बमोजिमको हुनेछ ।**

१. महासचिवबाट प्रस्तुत संघको बार्षिक प्रतिवेदन र कोषाध्यक्षबाट प्रस्तुत आयव्यय प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने तथा आगामी बर्षको कार्य योजना र बजेटका लागि आवश्यक सुझाव प्रदान गर्ने ।

२. विषय सूचिमा उल्लेख गरीए अनुसारका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गर्ने ।

३. छलफल गर्नु पर्ने विषयहरु बाहेकका विषयहरुमा छलफल गर्नु पर्ने भए सो सम्बन्धी लिखित निवेदन अध्यक्ष समक्ष प्रस्तुत गरी अध्यक्षबाट छलफल गर्न उपयूक्त सम्झिएमा छलफल गरीनेछ ।

४. आगामी बर्षको लेखा परीक्षण गर्न लेखा परीक्षक नियूक्ति गर्ने र निजको पारिश्रमिक तोक्नेछ ।

**ख) विशेष साधारण सभा**

१. अध्यक्षले निम्नलिखित अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

क) संघको कम्तिमा ३३ प्रतिशत सदस्यहरुले लिखित रुपमा छलफलका विषय वस्तु खोलि अध्यक्ष समक्ष निवेदन प्रस्तुत गरेमा ।

ख) कार्य समितिका तीन चौथाई सदस्यहरुले छलफलको विषयवस्तु खोलि अध्यक्ष समक्ष लिखित अनुरोध पेश गरेमा ।

२. विशेष साधारण सभाको बैठक लिखित निवेदन पेश भएको मितिले १५ दिन भित्र बोलाउनु पर्नेछ ।

३. विशेष साधारण सभाको गणपूरक संख्या संघको कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

४. विशेष साधारण सभाको निर्णय दुई तिहाई बहुमतबाट मात्र पारित हुनेछ ।

५. गणपूरक संख्या नपुगि विशेष साधारण सभा बस्न नसकेमा अध्यक्षले पुनः अर्को १५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ । यसरी पुनः बोलाउँदा पनि विशेष साधारण सभा गणपूरक संख्या नपुगी बस्न नसकेमा उपदफा १ बमोजिम विशेष साधारण सभा बोलाउन गरिएको अनुरोध स्वतः निष्क्रिय हुनेछ ।

ग) अधिवेसन :-

१. प्रत्येक तिन वर्षमा वोलाईने संघको वार्षिक साधारण सभालाई अधिवेसन भनिन्छ ।

२. अधिवेशनमा अध्यक्ष लगायत कार्य समितिका सदस्यहरुको निर्वाचन गरी नयाँ कार्य समितिको गठन हुनेछ ।

३. अधिवेशनको प्रकिया र कार्यकम वार्षिक साधारण सभा सरह हुनेछ ।

## परिच्छेद ५
## कार्य समिति

**२४. कार्य समितिको गठन/संरचना :**

क. संघको कार्य संचालनार्थ २१ सदस्यीय एउटा कार्य समिति हुनेछ । जसको गठन विधि निम्नानुसार हुनेछ:

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| निवर्तमान अध्यक्ष | १ जना |
| वरिष्ठ उपाध्यक्ष | १ जना |
| उपाध्यक्ष(वाणिज्य) | १ जना |
| उपाध्यक्ष(उद्योग) | १ जना |
| **कार्यसमिति सदस्यहरु :** | |
| वाणिज्य तर्फ खुल्ला | ७ जना |
| उद्योग तर्फ खुल्ला | ३ जना |
| महिला खुला तर्फ | १ जना |
| वस्तुगत सदस्यहरुको सदस्य | १ जना |
| एशोसियट सदस्यहरुको सदस्य | १ जना |
| मनोनित सदस्य: (नवनिर्वाचित अध्यक्षले साधारण सदस्यहरुमध्येबाट मनोनित्त गर्ने) | |
| वाणिज्य क्षेत्रको सदस्य | १ जना |
| उद्योग क्षेत्रको सदस्य | १ जना |
| महिला सदस्य | १ जना |
| | २१ जना |

ख. नव निर्वाचित अध्यक्षले निर्वाचित सदस्यहरु लगायत मनोनित सदस्यहरुमध्येवाट महासचिव, कोषाध्यक्ष र सचिब मनोनित गर्नेछ ।

ग. मनोनित सदस्यलाई निर्वाचित सदस्य सरहको अधिकार रहनेछ तर निर्वाचित सदस्य सरह नयाँ सदस्यता लिने सदस्यताको लागि भने सिफारीस गर्न सक्ने छैन ।

घ) मनोनित सदस्यहरु कुनै कारणवस अध्यक्ष नरहेको अवस्थामा निजहरु पनि स्वतः रहने छैनन्

ङ) वरिष्ठ उपाध्यक्षको मनोनयन कार्यसमिति वाट हुनेछ ।

च) उपरोक्त अनुसार कार्य समितिको अन्तिम ढाँचा निम्न बमोजिम हुनेछ :

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| निवर्तमान अध्यक्ष | १ जना |
| वरिष्ठ उपाध्यक्ष | १ जना |
| वाणिज्य उपाध्यक्ष | १ जना |
| उद्योग उपाध्यक्ष | १ जना |
| महासचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| कार्यकारिणी सदस्यहरु | १३ जना (मनोनित समेत) |

संघको क्षेत्र बृद्धि भएमा सोही अनुसार कार्य समितिको सदस्य संख्यामा पनि बृद्धि हुनेछ र सो को जानकारी स्थानिय अधिकारीलाई दिनुपर्नेछ ।

च) **पदावधिः**

कार्य समितिका सम्पूर्ण पदाधिकारी सदस्यहरुको पदावधि ३ बर्षको हुनेछ । पदावधिको गणना श्रावणदेखि आषाढ महिनासम्म गरि १ बर्षको मानिनेछ । नयाँ कार्य समितिको निर्वाचन भएपछि पुरानो कार्य समितिका सम्पूर्ण पदाधिकारी सदस्यहरुको पदावधि स्वतः समाप्त हुनेछ

## २५. कार्य समितिको काम, कर्तव्य र अधिकारः

१. विधानमा उल्लेखित सबै काम गर्ने, गराउने ।

२. संघको उद्येश्य अनुरुप कार्ययोजना तथा बजेट बनाउने ।

३. कम्तिमा बर्षको एक पटक साधारण सभा र ३ बर्षको एक पटक अधिवेशन गर्ने ।

४. साधारण सभाबाट पारित प्रस्ताव तथा निर्णयहरुलाई कार्यान्वयन गर्ने, गराउने ।

५. कार्य समितिको नियमित बैठक संचालन गर्ने ।

६. यस विधानसँग नबाभिने गरि कर्मचारी नियमावली, आर्थिक नियमावली र अन्य आवश्यक नियम, उप-नियमहरु बनाउने, लागू गर्ने, संशोधन गर्ने र खारेज गर्ने ।

७. संघको प्रशासनिक कार्य संचालनार्थ आवश्यक कर्मचारीहरुको दरबन्दी सृजना गरी कर्मचारीहरु नियूक्त गर्ने तथा उनीहरुको सेवा शर्त, कार्य बिवरण, तलब, भत्ता, सुविधा आदि तोक्ने ।

८. संघको कार्य संचालनलाई सरल र व्यवस्थित तुल्याउन विभिन्न समिति, उपसमितिहरु गठन गर्नु र काम कर्तव्य तोक्ने ।

९. बैंक तथा वित्तिय खाता खोलि संघको रकम जम्मा गर्ने ।

१०. संघको कोष वृद्धि गर्न हरदम प्रयत्नरत रहने ।

११. संघको हर हिसाबकिताव सुव्यवस्थित ढङ्गले राख्न लगाउने ।

१२. मान्यता प्राप्त लेखापरिक्षकबाट संघको हिसाब किताबको लेखा परिक्षण गराउनृ तथा निजको पारिश्रमिक तोक्ने ।

१३. प्रत्येक बर्षको हिसाबकिताव तथा आगामी बर्षको बजेट हिसाब अनुमोदन गराउने ।

१४. प्रत्येक ३ बर्षमा अध्यक्ष एवं कार्य समितिका सदस्यहरुको निर्वाचन कार्यक्रमका लागि निर्वाचन कार्यविधि तथा निर्वाचन अधिकृत नियूक्त गरि समय मै निर्वाचन गराउने ।

१५. संघको उद्येश्य अनुरुप औद्योगिक विकास हुने, बाणिज्य क्षेत्रको प्रवर्द्धन र संरक्षण हुने तथा उद्योगी व्यापारी समुदायको कल्याण हुने सबै काम गर्ने-गराउने ।

१६. रिक्त हुन आएको कार्य समितिको पद बाँकी अवधिका लागि पूर्ति गर्ने ।

१७. प्रत्येक आ.व. समाप्त भएको ७५ दिन भित्र साधारण सभा बोलाउने ।

१८. कानूनी सल्लाह परामर्शका लागि एक जना कानूनी सल्लाहकार मनोनंयन गर्नेछ ।

## २६. कार्य समितिको बैठक:

१. कार्य समितिको बैठक आवश्यकता अनुसार जति पटक पनि बस्न सक्नेछ तर सामान्यतः महिनामा १ पटक र बर्षमा कम्तिमा १० पटक अनिवार्य बसेको हुनु पर्नेछ । तर दुई बैठक बीचको अवधि २ महिनाभन्दा बढी हुनु हुने छैन ।

२. बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा का.वा. अध्यक्षले गर्नु पर्नेछ ।

३. बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनु पर्नेछ ।

४. गणपूरक संख्या नपुगि बस्न नसकेको बैठक पुन ३ दिन भित्र बोलाउनु पर्नेछ ।

५. बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।

६. कार्य समितिका ३३ प्रतिशत सदस्यहरुले अध्यक्ष समक्ष विषय खुलाई लिखित रुपमा कार्य समितिको बैठक बोलाउन माग गरेमा ७ दिन भित्र बैठक बोलाउनु पर्नेछ । तर सो बैठकमा विषय खुलाइएको विषयमा मात्र छलफल केन्द्रित हुनेछ ।

# परिच्छेद ६

## कार्य समितिका पदाधिकारी सदस्यहरुको काम, कर्तव्य र अधिकारः

२७. अध्यक्षको काम, कर्तव्य र अधिकारः-

१. संघको प्रमुख कार्यकारिणी ( Executive) / प्रशासक(Administrative)भई नेतृत्व र निर्देशन गर्नेछ ।

२. कार्य समितिको बैठक, बार्षिक, बिशेष साधारण सभा, अधिवेशन लगायत संघबाट आयोजित अन्य सभा तथा कार्यक्रमहरुको अध्यक्षता गर्ने। अन्तराष्ट्रिय स्तरको कार्यक्रममा भागलिने ।

३. संघको कार्य समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन गर्ने छ अथवा आवश्यक परेमा जुनसुकै बेलामा आफै कार्य समितिको बैठक बोलाउन सक्नेछ ।

४. बैठक तथा सभाको काम कार्वाहीमा विवादास्पद परिस्थिति तथा पक्ष विपक्षमा मत बराबर भएमा आफ्नो निर्णायक मत दिनेछ ।

५. कुनै सदस्यले बैठक वा सभामा संघको नियम, निर्णय उलंघन, अवहेलना वा संघको अहित हुने काम गरे गराएमा त्यस्ता सदस्यलाई चेतावनी अथवा बैठक वा सभावाट निष्काशित गर्न सक्नेछ ।

६. कार्य समितिको सदस्य पदमा ३ जना सदस्यंहरु (१ जना महिला सदस्य अनिवार्य) मनोनित गर्नेछ ।

७. मनोनित सदस्यलाई आवश्यकता अनुसार परिवर्तन गर्न सक्नेछ ।

८. स्थानिय प्रशासन, राष्ट्रिय अन्तर्राष्ट्रिय व्यापारिक तथा सामाजिक संघसंस्थाहरुसंग सम्पर्क बढाउनेछ ।

९. आफ्नो अनुपस्थितिमा आफूले गर्नुपर्ने कार्य कुनै एक उपाध्यक्षबाट गर्न लगाउनेछ ।

१०. संघको विधान वा विधान अन्तर्गत बनेका नियम पालना गर्ने गराउनेछ ।

२८. निवर्तमान अध्यक्षको काम, कर्तव्य र अधिकारः-

१. संघको कार्यक्रमहरुमा सहभागी भई संघको विकास र प्रगतिमा योगदान पुऱ्याउनेछ ।

२. कार्य समितिको बैठकमा उपस्थित भई आफ्नो अंनुभवको आधारमा निर्देशन र सूझाव दिनेछ ।

३. कार्य समितिको बैठकमा पूर्ण मताधिकार वहन गर्नेछ ।

२९. **वरिष्ठ उपाध्यक्षको काम कर्तव्य र अधिकार :**

१. वरिष्ठ उपाध्यक्षको काम कर्तव्य र अधिकार निवर्तमान अध्यक्षको काम कर्तव्य र अधिकार सरह रहनेछ ।

३०. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः-**

१. *उद्योग र वाणिज्य क्षेत्रसंग सम्बन्धित* हुने गरि २ जना उपाध्यक्षहरु हुनेछन् ।

२. सम्बन्धित क्षेत्रको उपाध्यक्षले सम्बन्धित क्षेत्रको काम कार्वाही, हेरविचार गर्नेछ र समस्याहरु सुल्झाउनेछ ।

३. वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा अध्यक्षबाट तोकिएको उपाध्यक्षले अध्यक्षको सम्पूर्ण काम कर्तव्य र अधिकार वहन गर्नेछ ।

३१. **महासचिवको काम, कर्तव्य र अधिकारः-**

१. संघको कार्यालय/सचिवालयको प्रमुख संचालक र प्रशासकको हैसियतले दैनिक प्रशासन एवं कार्य संचालन गर्नु पर्नेछ ।

२. अध्यक्ष तथा कार्य समिति प्रति जवाफदेही हुनेछ ।

३. स्विकृत योजना र कार्यक्रमको संचालन गर्ने गराउने जिम्मेवारी सदस्य सचिवको हुनेछ ।

४. अध्यक्षको स्विकृति लिई छलफलका बिषयहरु तयार गरी प्रत्येक महिनामा कम्तिमा एक पटक कार्य समितिको बैठक बोलाउनेछ ।

५. कार्य समितिले तय गरे अनुसार साधारण सभा, विशेष साधारण सभा तथा अधिवेशन बोलाउने र बार्षिक प्रतिवेदन तयार गरी कार्य समितिबाट अनुमोदन गराई सभामा पेश गर्नेछ ।

६ संघका सम्पत्तिको अभिलेख सुरक्षितसाथ राख्नेछ ।

७. संघको कर्मचारीहरुको रेखदेख र निर्देशन गर्नेछ ।

८. संघको हक हितको काम गर्ने र कार्य समितिले तोकेको अन्य काम गर्ने, गराउनेछ ।

९. आफ्नो अनुपस्थितिमा आफूले गर्नुपर्ने कार्य उप-सचिवव्दारा गर्न लगाउनेछ ।

१० विधानले तोके बमोजिम अन्य कार्य गर्नेछ ।

११. सचिवालय सम्बन्धी कागजातहरु चुस्त र दुरुस्त राख्ने र राख्न लगाउनेछ ।

३२. **कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः-**

१. संघको आय व्यय हिसाव किताव रितंपूर्वक चुस्त र दुरुस्त राख्ने, राख्न लगाउनेछ ।

२. वार्षिक आय व्यय हिसाव सहितको लेखा परिक्षकको प्रतिवेदन तथा आगामी आर्थिक वर्षको अनुमानित आय व्यय(बजेट) तर्जूमा गरि कार्य समितिको तर्फबाट वार्षिक साधारण सभामा पेश गर्नेछ ।

३. सम्पूर्ण आर्थिक विषयहरुमा विचार विमर्श गरी आर्थिक श्रोत बढाउने तथा मितव्ययिता अपनाउनमा बिशेष ध्यान दिनेछ ।

४. संघका सम्पत्तिको अभिलेख सुरक्षितसाथ राखन लगाउनेछ ।

## ३३. सचिवको काम, कर्तव्य र अधिकारः–

१. महासचिवको अनुपस्थितिमा महासचिवको सम्पूर्ण काम, कर्तव्य र अधिकार वहन गर्नेछ ।

## ३४. कार्य समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकारः-

१. प्रत्येक बैठकमा तोकिएको समयमा उपस्थित भई सकिय रुपमा भाग लिने र संघको हित हुने किसीमले आफ्नो राय सल्लाह सुझाव व्यक्त गर्नेछ ।

२. नयाँ नयाँ नीति तथा कार्यकमहरु ल्याउन आवश्यक पहल गर्नेछ ।

३. बैठकमा निर्धारित विषयमा छलफल भए पश्चात कुनै पनि सदस्यले संघसँग सम्बन्धित समसामयिक प्रस्ताव छलफलका लागि ल्याउन सक्नेछ ।

४. संघको उद्येश्य अनुरुपका गतिविधिहरुमा सहभागी हुनेछ, कियाशिल हुनेछ ।

## ३५. सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार :

१. कम्तिमा ३ महिनाको एक पटक यस समितिको बैटक बस्नेछ ।

२. यस विधान अनुरुप संघलाई अगाडी बढाउन आवश्यक सुझाव, सल्लाह प्रदान गर्नेछ ।

३. कार्यसमितिलाई उद्देश्य अनुरुपका कियाकलापहरु गर्न, कियाकलापहरुमा डोऱ्याउन आवश्यक सुझाब सल्लाह प्रदान गर्नेछ ।

४. कार्य समितिको समयावधिको समाप्तीसंगै यस समितिको समयावधि पनि स्वतः समाप्त हुनेछ ।

## ३६. सचिवालय :

संघको कार्य संचालनका लागि एक सचिवालय रहनेछ र सो सचिवालय सुव्यवस्थित एवं सुचारुरुपले संचालन गर्न १ जना कार्यकारी सचिवको मातहतमा सचिवालयका कर्मचारीहरु रहनेछन् । सो को रेखदेख तथा व्यवस्थापन अध्यक्षको निर्देशन बमोजिम हुनेछ ।

## परिच्छेद ७

## निर्वाचन

**३७. कार्य समितिको निर्वाचन**

क) संघको अध्यक्ष, उपाध्यक्ष (वाणिज्य र उद्योग)हरु तथा कार्य समितिका सदस्यहरुको निर्वाचन संघको अधिवेशनमा सदस्य मतदाताहरुबाट हुनेछ ।

**३८. कार्य समितिको निर्वाचन प्रकृया :-**

क) कार्यसमितिको निर्वाचन प्रकृया अर्न्तगत अध्यक्ष, वाणिज्य उपाध्यक्ष, उद्योग उपाध्यक्ष र १२ जना सदस्यहरु निर्वाचित हुनेछन ।

ख) अध्यक्षको निर्वाचन सम्पूर्ण सदस्यहरुले गर्नेछन् ।

ग) वरिष्ठ उपाध्यक्षको निर्वाचन निर्वाचित कार्यसमितिका सदस्यहरुवाट हुनेछ ।

घ) वाणिज्य उपाध्यक्षको निर्वाचन वाणिज्य क्षेत्रका सदस्यहरुवाट र उद्योग उपाध्यक्षको निर्वाचन उद्योग क्षेत्रका सदस्यहरुवाट हुनेछ ।

ङ) वस्तुगत सदस्यहरुको सदस्यको हकमा संघका त्यसप्रकारका सदस्यहरु कम्तिमा १० जना रहेमा मात्र कार्य समितिमा प्रतिनिधित्व रहनेछ अन्यथा रहनेछैन ।

छ) एशोसियट सदस्यहरुको सदस्यको हकमा पनि संघमा त्यसप्रकारका सदस्यहरु कम्तिमा १० जना रहेमा मात्र कार्यसमितिमा प्रतिनिधित्व रहनेछ अन्यथा रहनेछैन ।

ज) वस्तुगत सदस्हरुको कार्यसमितिको सदस्यको निर्वाचन वस्तुगत सदस्यहरुवाट र एशोसियट सदस्यहरुको कार्यसमितिको सदस्यको निर्वाचन एशोसियट सदस्यहरु वाट मात्र हुनेछ ।

**३९. उमेद्वारको योग्यता :**

१. अदालतवाट फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।

२. संघवाट कुनै कारवाहीमा नपरेको सदस्य हुनुपर्नेछ ।

३. संघले निजसंग कुनै पनि रकम लिन बाँकी नरहेको हुनु पर्नेछ ।

४. अध्यक्ष पदको लागि उम्मेद्वार बन्नको लागि सदस्यको उमेर ३० वर्ष र अन्यको हकमा २५ वर्ष पुगेको नेपाली नागरिक हुन पर्नेछ ।

५. अध्यक्ष पदको लागि एक पटक कार्य समितिको सदस्य भै एक कार्यकाल पुरा गरी

सकेको हुनु पर्नेछ । उपाध्यक्ष पदहरुका लागि सम्बन्धित क्षेत्र (उद्योग वा व्यापार) को सदस्य सम्बन्धित क्षेत्र (उद्योग वा व्यापार) को उपाध्यक्षमा उम्मेदवार हुन पाउने छ ।

६. वस्तुगत सदस्यहरुको सदस्यको हकमा सम्बन्धित संघसंस्थाले निर्वाचन पद्धतिबाट कार्य समिति गठन गरेको हुन पर्नेछ ।

७. कार्य समितिको सदस्य भै सकेका सदस्यले पुन कार्य समितिको सदस्य पदमा उम्मेदवारी हुन चाहने सदस्यले चालु कार्य समितिको कुल बैठकको कम्तिमा ६० प्रतिशत बैठकमा उपस्थित भएको हुनुपर्नेछ ।

**४०. निर्वाचन अधिकृतको नियुक्तिः -**

क) निर्वाचन कार्यक्रम संचालनार्थ निर्वाचन समितिका लागि कार्य समितिले एक जना निर्वाचन अधिकृत नियूक्त गर्नेछ ।

ख) निर्वाचन अधिकृतले आफ्नो कार्य संचालनको लागि उक्त समितिमा अन्य २ जना सहयोगीहरुलाई सदस्य पदमा मनोनयन गर्न सक्नेछ ।

ग) निर्वाचन सम्बन्धी निर्णय निर्वाचन अधिकृतको हुनेछ ।

**४१. निर्वाचन समितिको काम, कर्तव्य :**

क) संघको कार्यालयबाट मतदाता नामावली लिने ।

ख) निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यक्रम तयार गरि सो को सूचना संघको सूचना पाटीमा टाँस गर्ने ।

ग) मतदानको लागि आवश्यक भएमा कर्मचारीको व्यवस्था गर्ने ।

घ) मतदानको लागि आवश्यक सामग्रीहरु संघको कार्यालयबाट व्यवस्था गर्ने ।

ङ) मत गणना गर्ने र निर्वाचन परिणामको घोषणा गर्ने ।

च) निर्वाचन परिणाम संघको सूचना पाटीमा टाँस गर्ने र संघको कार्य समितिलाई प्रति उपलब्ध गराउने

**४२. निर्वाचन प्रकृयाः -**

क) निर्वाचन अधिकृतले ३ दिन अगावै निर्वाचन मतदाता नामावली प्रकाशित गर्नु पर्नेछ ।

ख) मतदाता नामावलीमा कुनै सदस्यलाई चित्त नबुझेमा वा प्रष्ट नभएमा निर्वाचन अधिकृत समक्ष लिखित जानकारी गराउनु पर्नेछ ।

ग) निर्विरोध निर्वाचित भएमा वा बहुमत पछि विजय हुने उम्मेद्वारको घोषणा निर्वाचन अधिकृतले सूचना प्रकाशित गरि गर्नेछ ।

घ) दुई उम्मेदवारको मत बराबर भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ तर कुनै एक उम्मेदवारले लिखित निवेदन दिई अर्को उम्मेदवारलाई मान्यता प्रदान गरेमा त्यसलाई सदर मानिनेछ ।

ङ) एक पदका लागि एकभन्दा बढी उम्मेदवारहरु भएमा निर्वाचन हुनेछ ।

च) निर्वाचन उम्मेदवारी दरखास्त फाराममा एक जना समर्थक, एक जना प्रस्तावकको हस्ताक्षर र उम्मेदवार आफू स्वयंको हस्ताक्षर गरि निर्वाचन अधिकृतले तोकेको समय भित्र पेश गर्नु पर्नेछ ।

छ) एउटै उम्मेदवारको प्रस्तावक र समर्थक अर्को उम्मेदवारको प्रस्तावक र समर्थक बन्न पाउने छैन ।

ज) विधानमा उल्लेखित निर्वाचन सम्बन्धी नियम परिधि बाहेक आवश्यक परे अन्य अस्थायी नियम, उपनियमहरु बनाउने अधिकार निर्वाचन अधिकृतको हुनेछ ।

झ) निर्वाचन गोप्य मतदानद्वारा हुनेछ ।

ञ) निर्वाचन कार्यविधि वा नियम सम्बन्धमा प्रमुख निर्वाचन अधिकृत वा निर्वाचन समितिलाई कुनै कुरा प्रष्ट नभएमा अध्यक्ष, सचिव वा कार्य समितिका सदस्यहरुसँग राय लिन सक्नेछ ।

ट) सदस्यता अवधि समाप्त भै नसकेका नयाँ सदस्यहरुले निर्वाचनमा भाग लिन पाउने छैन ।

ठ) *मत खसाल्न मतदाता स्वयं संघको सदस्यता परिचयपत्रका साथ उपस्थित हुनु पर्नेछ ।*

ड) निर्वाचन प्रकियाका सम्बन्धमा यस विधानमा व्यवस्था भएको बिषयहरुमा सोही बमोजिम र सो बाहेकका अन्य बिषयहरुमा निर्वाचन समितिको निर्णय मान्य हुनेछ ।

च) निर्वाचनमा उम्मेद्वारी मनोनयन दर्ता शुल्क कार्य समितिले तोके बमोजिम निर्वाचन समितिले लिनेछ ।

छ) निर्वाचन समितिको कुनै पनि पद (अध्यक्षवाट मनोनित बाहेक) रिक्त हुन आएमा उप-निर्वाचनको प्रकृयाद्धारा पदपूर्ति गरीनेछ ।

ज) निर्वाचन तथा निर्वाचन कार्यविधि समाप्त भई सकेपछि निर्वाचन अधिकृतको पद स्वतः निस्कृय हुनेछ ।

## ४३. मतदाता :

१. मतदाता १६ वर्ष उमेर पुरा गरेको हुनुपर्नेछ ।

२. निर्वाचन हुने आर्थिक वर्षको, अघिल्लो आर्थिक वर्षको पौष मसान्तसम्ममा नयाँ सदस्यता लिएका सदस्यहरुले मात्र निर्वाचनमा मताधिकारको प्रयोग गर्न पाउने छ ।

३. कुनै एक व्यक्तिको नाउँमा एक भन्दा बढी फर्महरुको प्रोपाइटर भै संघको सदस्यता लिएको भएता पनि निज प्रोपाइटर भएको फर्महरुको तर्फबाट एक मत मात्र प्रयोग गर्न सक्नेछ । प्रोपाइटर भए जति फर्मको संख्यामा मतदान गर्न पाउने छैन । तर कम्पनी, साझेदारी तथा संघसंस्थाको हकमा सम्बन्धित कम्पनी, साझेदारी तथा संघसंस्थाको कार्य समिति (बोर्ड) ले निर्णय गरी पठाएको प्रतिनिधिले मात्र मतदान गर्न पाउने छ ।

४. कुनै पनि सदस्यले आफुले मतदान गर्न चाहने क्षेत्र रोज्नु पर्दा स्थायी बसोबास वा आफ्नो उद्योग, व्यापार, व्यवसाय रहेको क्षेत्रमध्ये कुनै एक क्षेत्र रोज्न सक्नेछ । तर क्षेत्र परिवर्तन गर्न चाहेको खण्डमा अधिवेसन हुने आर्थिक वर्षको ६ महिना अगाडी अर्थात पौष मसान्त भित्र सम्बन्धित क्षत्रको कार्य समितिको सदस्यको सिफारीशकासाथ गरी सक्नु पर्नेछ अन्यथा साविक कै क्षेत्र कायम हुनेछ ।

# परिच्छेद ८

# आर्थिक व्यवस्था

## ४४. कोष तथा संघको आयव्यय तथा चलअचल सम्पत्ति :

क) संघको आफ्नो एक छुट्टै कोष हुनेछ । कोषमा देहायका श्रोतबाट प्राप्त रकमहरुको आम्दानी बाँधिनेछ ।

१. संघको सदस्यता प्रवेश शुल्क र नबिकरण शुल्कबाट प्राप्त हुने रकम ।
२. संघबाट जारी गरिने विभिन्न सिफारीशबाट प्राप्त हुने रकम ।
३. संघव्दारा आयोजित विभिन्न कार्यकमहरुबाट संकलित रकम ।
४. नेपाल सरकार, स्वदेशी तथा विदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, उपहार, पुरस्कार तथा ऋण आदि ।
५. संघले आर्जन गरेको सम्पत्ति ।

ख) कोषको संचालन कार्य समितिको निर्णय अनुसार हुनेछ ।

ग) संघको हिसाब किताब दोहोरो लेखा प्रणालीबाट राखिनेछ ।

घ) कोषको खाता संचालन संस्थाको नाममा अध्यक्ष , महासचिव र कोषाध्यक्ष संयुक्त रहने गरी अध्यक्षको अनिवार्य सहित दुई जनाको दस्तखतबाट संचालन गरिनेछ ।

ङ) संघले जिल्लाको आर्थिक तथा सामाजिक विकासको लागि छुट्टै कोषको व्यवस्था पनि गर्न सक्नेछ ।

च) संघको हित एवं उद्देश्य परिपुर्तिका लाागि अध्यक्षले कार्य समितिको स्वीकृति विना बढिमा रु.१००० अक्षेरुपी एक हजार खर्च गर्न सक्नेछ तर यस्तो खर्च रकम कार्यसमितिमा अनुमोदन गराउनु पर्नेछ ।

छ) चालु आर्थिक बर्षको बजेट पारित भै नसकेको अवस्थामा गत आर्थिक बर्षको यथार्थ खर्चको ४० प्रतिशत रकमसम्म कार्य समितिले कार्य संचालनको लागि खर्च गर्न सक्नेछ ।

## ४५. लेखा परिक्षण

क) आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र संघको आय व्ययको लेखा परिक्षण दर्ता भएका रजिष्टर्ड लेखा परिक्षकबाट गराउनु पर्नेछ ।

ख) लेखा परिक्षकको नियूक्ति र नीजको पारिश्रमिक कार्य समितिले तोक्नेछ ।

ग) लेखा परिक्षकले संघको हिसाब किताव लेखा परिक्षण गरि सो को वासलात सहितको प्रतिवेदन संघलाई पेश गर्नेछ ।

घ) लेखा परिक्षणको सिलसिलामा लेखा परिक्षकले संघ्रका अभिलेखहरु र भण्डार लगायत सबै निरीक्षण गर्न सक्नेछ ।

ङ) लेखा परिक्षक नियूक्ति गर्दा संघदेखि बाह्य व्यक्तिलाई गर्नु पर्नेछ ।

च) लेखापरिक्षण प्रतिवेदन सहित असोज मसान्त भित्र स्थानिय निकायमा नविकरणको लागि पेश गर्नुपर्ने छ।

# परिच्छेद ९

## विविध

## ४६. विधान संशोधन

क) संघको विधान संशोधन गर्न कार्य समितिले आवश्यक ठानेमा संशोधनका लागि साधारण सभामा पेश गर्नेछ ।

ख) साधारण सभाका लागि दर्ता गरिएका सदस्यहरुको दुई तिहाई बहुमतले संशोधित विधान पारित गरेमा स्थानिय अधिकारीको स्विकृति लिएको मितिदेखि संशोधित विधान लागू हुनेछ ।

ग) विधान संशोधनको लागि आवश्यक ठानेमा संघका कुल सदस्य संख्याको एक चौथाई सदस्य वा कार्य समितिका दुई तिहाई सदस्यले प्रस्ताव राख्न सक्नेछन् ।

## ४७. नियम बनाउने :-

संघलाई सुव्यवस्थित र सुचारुरुपले संचालन गर्नको लागि संघको आन्तरिक कार्य विधि निश्चित गर्न, आर्थिक नियमावली, कर्मचारी नियमावली तथा अन्य आवश्यक नियमावलीहरु, नियम उपनियमहरु कार्य समितिले बनाउन सक्नेछ ।

## ४८. व्याख्या गर्ने अधिकार :-

यस विधान र यस अन्तर्गत बन्ने नियम उपनियमहरुमा भएको व्यवस्थाको व्याख्या गर्ने अभिकार कार्य समितिलाई हुनेछ र कार्य समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।

## ४९. अविश्वासको प्रस्ताव :-

संघका अध्यक्ष वा पदाधिकारी वा सदस्य वा कार्य समिति उपर अविश्वासको प्रस्ताव पेश गर्नु परेमा कुल सदस्य संख्याको एक तिहाई सदस्यहरुले कारण खोली लिखित रुपमा संघको कार्यालयमा प्रस्ताव दर्ता गर्न सक्नेछन् ।

क) अध्यक्ष वा पदाधिकारी वा कार्य समितिका सदस्य वा कार्य समितिको विरुद्ध कुल सदस्य संख्याको ३३ प्रतिशत सदस्यहरुले स्पष्ट कारण देखाई लिखित रुपमा संघको कार्यालयमा अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन् । यसरी दर्ता गरेको अविश्वासको प्रस्तावलाई १५ दिन भित्र अध्यक्ष वा उपाध्यक्ष वा सचिवले कार्य समितिको बैठक बोलाई बैठकमा पेश गर्नु पर्नेछ र सो बैठक बसेको २५ दिन भित्र संघको विशेष साधारण सभा बोलाई उक्त अविश्वास प्रस्ताव प्रस्तुत गर्नेछ । अन्यथा अविश्वास प्रस्ताव दर्ता गर्ने सदस्यले बैठक बोलाई बैठकले दिएको अधिकार प्रयोग गरि प्रस्ताव प्रस्तुतकर्ताले विशेष साधारण सभा बोलाई अविश्वासको प्रस्ताव पेश गर्नेछ । अविश्वास प्रस्ताव दर्ता भएको ६० दिनसम्म पनि विशेष साधारण सभाको सूचना पठाउन नसकेको अवस्थामा प्रस्ताव स्वतः रद्द हुनेछ ।

ख) विशेष साधारण सभामा गणपूरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ । गणपूरक संख्या नपुगि विशेष साधारण सभा तोकिएको समयमा बस्न नसके सभा खारेज भएको तथा अविश्वासको प्रस्ताव स्वतः रद्द भएको मानिनेछ ।

ग) अविश्वासको प्रस्ताव जुन पदाधिकारी वा सदस्य उपर ल्याइएको छ उक्त पदाधिकारी वा सदस्यलाई विशेष साधारण सभामा सफाई दिने मौका प्रदान गरिनेछ ।

घ) कुनै पद पदाधिकारी वा सदस्य उपरको अविश्वासको प्रस्ताव पारित भएमा रिक्त हुन आएको स्थानमा कार्य समितिले पदपूर्ति गर्नेछ ।

ङ) कार्य समिति उपर ल्याइएको अविश्वासको प्रस्ताव पारित भएमा बाँकी अवधिको कार्य समितिको निर्वाचनका लागि सोही बिशेष साधारण सभाले निर्णय गर्नेछ ।

## ५०. विघटन

कुनै कारणवश संघ विघटन भएमा संघले व्यहोर्नु पर्ने रकम संघले व्यहोरी बाँकी सम्पूर्ण जायजेथा प्रचलित कानून बमोजिम नेपाल सरकारको जिम्मामा रहनेछ ।

## ५१. जवाफदेही

कार्य समितिका पदाधिकारी वा सदस्यले संघको कामकाज गर्दा असल नियतले गर्दाको हदसम्म हानी नोक्सानी हुन गएमा व्यक्तिगत रुपमा जवाफदेही हुनु पर्ने छैन ।

## ५२. लिखितको प्रमाणिकरण

संघको तर्फबाट गर्नु गराउनु पर्ने तमसुक, कबुलियत र अधिकार पत्र ईत्यादिको लिखतमा कार्य समितिको निर्णय । बमोजिम अधिकार प्रत्यायोजन गरिएको पदाधिकारीले संघको तर्फबाट दस्तखत गर्नेछ ।

## ५३. संघसंस्थाको सदस्यता

यस संघको उद्येश्य प्राप्तीको लागि आवश्यक परेमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ संस्थाहरुको सदस्यता लिन सक्नेछ ।

## ५४. बाधा अड्काउ फुकाउ :-

यस विधानको अधिनमा रहि कार्य गर्ने गराउने सन्दर्भमा केही बाधा उत्पन्न हुन गएमा उक्त बाधा अड्काउ फुकाउने अधिकार कार्य समितिलाई हुनेछ ।

## ५५. बचाउ

यस विधानमा उल्लेख भएका बुँदाहरुको सोही बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

## ५६. निष्क्रियता

यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन वमोजिम हुनेछन, संस्था दर्ता ऐन २०३४ बमोजिम कानुन संग बाझिन गएका कुराहरु स्वत: निस्कृय हुनेछन

## अनुसुची १

### संस्थाको छाँप र चिन्ह

यस संघको छाँप गोलो आकारको रहनेछ । छापको एक किनारावाट गोलाकारमा रामपुर उद्योग वाणिज्य संघ लेखिएको हुनेछ । भित्रीभागको मध्येमा गणेशको मुर्ति अंकित र जसको मुनि तराजु, सो को मुनि २०७२ र तल्लो भागमा गोलाकार रुपमा रामपुर, पाल्पा रहनेछ ।

रामपुर उद्योग वाणिज्य संघ
स्था: २०७२
रामपुर, पाल्पा

## कार्य समितिका पदाधिकारीहरको नामावली

| क.स | नाम थर | पद | ठेगाना | बाबुको नाम | बाजेको नाम | ना.प्र.नं. |
|---|---|---|---|---|---|---|
| १ | भोजेन्द्र प्रकाश ढकाल | अध्यक्ष | रा.न.पा, ८ | देबराज | यदूनाथ | ३९१०५५/१७१ |
| २ | दुर्गा प्रसाद भट्टराई | उपाध्यक्ष (वाणिज्य) | रा.न.पा, १० | बुद्धिराज | गंगादत्त | ६०७८४ |
| ३ | रुद्र नारायण श्रेष्ठ | उपाध्यक्ष ( उधोग) | रा.न.पा, ७ | नजरमान | चन्द्रलाल | ३९३०४४/१९७ |
| ४ | कृष्ण पौडेल | सचिव | रा.न.पा, १० | सुवाकान्त | दाताराम | ३७८८० |
| ५ | राजेन्द्र प्रसाद देवकोटा | कोषाध्यक्ष | रा.न.पा, ९ | यमनाथ | डेमनाथ | ७२५४७ |
| ६ | दोवराज तिवारी | सदस्य | रा.न.पा, १० | नेत्र प्रसाद | तारानाथ | २०५ |
| ७ | विनोद श्रेष्ठ | सदस्य | रा.न.पा, ७ | रुपनारायण | गंगाधर | १६५३८ |
| ८ | भरत राज देवकोटा | सदस्य | रा.न.पा, ९ | यमनाथ | डेमनाथ | ९४२ |
| ९ | दुर्गा बहादुर के.सी | सदस्य | रा.न.पा, ७ | भक्त बहादुर | मन वहादुर | १०४५ |
| १० | सुदन प्रकाश रेग्मी | सदस्य | रा.न.पा, ९ | लोकनाथ | दण्डपानी | १०५५/६७८ |
| ११ | खिम बहादुर क्षेत्री | सदस्य | रा.न.पा, ६ | लोक वहादुर | सुरवीर | ७८६१ |
| १२ | प्रेम प्रकाश ढकाल | सदस्य | रा.न.पा, ८ | पुष्पराज | मोहनी लाल | १२०७९५ |
| १३ | खुममाया राना | सदस्य | रा.न.पा, ७ | केम वहादुर | कृष्ण बहादुर | ४२७९१ |
| १४ | भिमवीश्व भट्टराई | सदस्य | रा.न.पा, १० | नगेन्द्रराज | नरहरि | १०८३ |
| १५ | हरि प्रसाद कंडेल | सदस्य | रा.न.पा, ४ | गुनाखर | नन्द प्रसाद | ५३१५३ |
| १६ | मोहनलाल खनाल | सदस्य | रा.न.पा, ११ | मुक्तिनाथ | हेमराज | ३९१०१०/२२२ |
| १७ | लक्ष्मी गैह्रे बस्तोला | सदस्य | रा.न.पा, ९ | मेधनीलाल | भिमलाल | ५४१५३ |

**सल्लाहाकार सदस्य**

१) हुमनाथ न्यौपाने
२)राजु प्रसाद श्रेष्ठ
३)डोलराज पाठक
४)देबराज ढकाल
५)राजेन्द्र लम्साल
६)कमल राज भट्टराई
७)रेशम कंडेल
८)नेत्र प्रसाद भट्टराई
९) वासुदेब देबकोटा

.............
अध्यक्ष